Date ________
Page ________

बैठक संख्याः

आज मिति २०७८ साल पुस २७ गते मंगलबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सुरेश कुमार अधिकारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

**अन्यउपस्थिति :**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |
| २ | | | |
| | | | |
| | | | |

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७८ पुस २७ गते मंगलबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA)को नतिजा अनुमोदन सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व. ०७७०७८ भए गरेका समग्र कार्यहरुको समिक्षा गर्दै सम्पन्न तपसिल अनुसारको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बाट प्राप्त नतिजा सर्वसम्मतीबाट अनुमोदन गरियो ।

**निर्णय नं. ३ :-** विविध सम्बन्धमा छलफल गर्दा

क. देशका विभिन्न ठाउँहरुमा कोरोना भाईरस को नयाँ भेरियण्ट (ओमिकोन) को संक्रमण बढिरहेको अवस्थालाई मध्यनजर गर्दै रोकथामको लागी आवश्यक स्वास्थ्य सामग्री व्यवस्थपन गर्ने तथा गाउँपालिका भित्रका अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी लगायत स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिने निर्णय गरियो ।

...सुनुवार
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८ साल फागुन १० गते मंगलबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सुरेश कुमार अधिकारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुदिप थापा | सूचना प्रविधि सहायक | |
| २ | | | |
| | | | |

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

## मिति २०७८ फागुन १० गते मंगलबार

## बैठकका प्रस्ताव तथा निर्णहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. ५ वर्षे कार्यकालको समिक्षा सम्बन्धमा ।

३. भ्फो.पु. कार्यन्वयन सम्बन्धमा ।

४. शिक्षा समितिको निर्णय सम्बन्धमा ।

५. वडा नं. १ सिम्लेखोलामा पक्की पुल निर्माणको DPR कार्यको भुक्तानी सम्बन्धमा ।

६. DPR गर्ने सम्बन्धमा ।

७. गाउँपालिकाले जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकामा मिति २०७४/०२/०५ देखि निर्वाचित जनप्रतिनिधिहरुको आगमन भए देखि हालसम्म सम्पन्न गरिएका विकास निर्माण सम्बन्धी कार्यहरुमा सडक निर्माण, सामुदायिक स्वास्थ्य ईकाइहरुको स्थापना, सामुदायिक विद्यालयहरुमा शिक्षकको व्यवस्थापन, वडा कार्यालय, गा.पा.को भवन निर्माण, भ्यूटावर निर्माणको कार्य प्रारम्भ, खानेपानी तथा सिचाई सम्बन्धी कार्य, राष्ट्रिय विद्युत लाइन विस्तार एवं प्रसारण, फाइवर नेटको व्यवस्थापन, सामुदायिक विद्यालय भवन निर्माण, वर्थिङ सेन्टरको स्थापना, अस्थायी अस्पताल स्थापना, विपद व्यवस्थापनका लागि सुरक्षा निकायहरुलाई सामाग्री हस्तान्तरण, सुरक्षा व्यवस्थापनलाई सुद्धढ बनाउन सि.सि.क्यामेरा जडान, कृषि तथा पशु सम्बन्धी विभिन्न कार्यक्रमहरु, जनचेतनामूलक कार्यक्रमहरु, घ्याङलेखको स्थानीय गित तथा लोगो निर्माण, टोकन प्रणालीको शुरुवात जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालन गरिएको व्यहोरा सबैमा जानकारी गराउने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस घ्याङलेख गाउँपालिका वडा नं. ३ अर्न्तगत पर्ने तामाजोर पाँचघरे झो.पु. सर्भे डिजाईनका साथै योजना कार्यान्वयनको लागि स्थानिय पूर्वाधार विभाग सस्पेन्सन वृज डिभिजन श्रीमहल पुल्चोक ललितपुरलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०७८ फागुन ०९ गते भएको शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका वडा नं. १ अर्न्तगत सिम्ले खोलामा पक्की पुल निर्माण गर्नका लागि सम्बन्धित निकायहरुमा आवश्यक वजेट माग गर्न DPR अनिवार्य रुपमा तयार गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउ पत्रको माध्यमबाट कार्य प्रकृया अगाडि बढाउदा इम्पेरिकल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. सुकेधारा, काठमाण्डौले पेश गरेको दरभाउपत्र स्वीकृत भै सम्झौता बमोजिम कार्य सम्पन्न गरि आवश्यक कागजातहरु पेश हुने आएकोले विल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न वडाहरुलाई दिर्घकालीन विकासको अवधारणा अनुसार राष्ट्रिय राजमार्गमा जोड्न र गाउँपालिका भित्र बाह्रै महिना यातायातका साधनहरु सुचारु रुपले संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गर्न योजनाहरुको DPR अनिवार्य रुपमा तयार गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लेखित सडक तथा पुल निर्माण कार्यको DPR सम्बन्धीका तपसिल उल्लेख भए बमोजिम प्राथमिकताको आधारमा अगाडि बढाउने निर्णय गरियो ।

१. वडा नं. ५ को वडा कार्यालय देखि पहरीलेक सम्म सडक निर्माण - वडा नं. ५
२. गुन्टेखोला-आँपडाँडा-सुकाचुरी हुँदै डोठेसम्म सडक निर्माण तथा मर्मत - वडा नं. १
३. बुक्तीखट्टारबाट-पटवास-कोल्टार-लाङ्गदी हुदै वन्दीपुर सम्म सडक निर्माण - वडा नं. १
४. रामपुर खोला पक्की पुल निर्माण - वडा नं. ५
५. खानीखोला पक्की पुल निर्माण - वडा नं. ५
६. वडा नं. ४ काडलिङ देखि फापरचुली भ्यूटावर हुँदै वडा नं. १ को सिमाना मतनवास सम्म मोटरबाटो निर्माण
७. रामपुर वजार-माटोखानी पाखुरे हुँदै जुगेपानी सडक स्तरोन्नती - वडा नं. ५

जगत बहादुर भोलन
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :-** प्रस्ताव नं.७ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका वडा नं. २ बस्ने श्री औतार सिं भ्लोनले यस कार्यालयमा दिनु भएको निवेदन अनुसार गाउँपालिकाले निर्माण गर्ने सेफ हाउसको लागि आवश्यक पर्ने जग्गा कित्ता नं. ८क८०३ को क्षेत्रफल २-४-०-० भएको जग्गाबाट लम्वाई ......, चौडाई ...... बाट हुन आउने क्षेत्रफल वरावरको जग्गा आफ्नो राजीखुशीले गाउँपालिकालाई प्रदान गर्नु हुने भएको हुँदा उक्त जग्गा दाता प्रति कृतज्ञता जाहेर गर्दै रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** विविध सम्बन्धमा छलफल गर्दा :

क) घ्याङलेख गाउँपालिकाको वडा नं. १ देखि ५ सम्मका क्रमश सिम्लेखोला, ठाडो खोला, मरिण खोला, रातु र राङ्चा खोला, रामपुर खोला र तामाजोर खोलाहरुको IEE गर्ने कार्यको कोटेसन माग गर्दा सबभन्दा कम मूल्यको प्रस्तावना पेश गर्ने आर.डि. इन्जिनियरिङ कन्सल्टेन्सी, धुम्वाराही काठमाण्डौले तयार गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

सुरेश कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत